# शितलहर पूर्वतयारी तथा आकस्मिक प्रतिकार्य योजना, २०७८
## कञ्चनपुर






जिल्ला विपद् व्यवस्थापन समिति,कञ्चनपुर
-मिति २०७८ पौष ०६ गते स्वीकृत

# विषय-सूची


**१. पृष्ठभुमी ....... 1**

*१.२ साधारण उद्देश्यः ....... 2*

**२. प्रस्तावना ....... 2**

*२.१ कञ्चनपुर जिल्लाको नक्सा....... Error! Bookmark not defined.*

**३. जिल्लामा शितलहरका घटनाहरु ....... 2**

**४. कार्य सञ्चालनको सन्दर्भः ....... 3**

*४.१ शितलहरवाट प्रभावित हुन सक्ने क्षेत्रहरुः ....... 3*

*पुनश्चः उल्लिखित तथ्यांक सवै स्थानीय तहबाट प्राप्त गरी अद्यावधिक गर्ने । ....... 3*

*४.२ पहुचः ....... 3*

**५.बिपद् परिदृश्य तथा योजना अवधारणाहरुः ....... 3**

**६. समन्वय तथा जिम्मेवारीः ....... 4**

**७. पूर्वतयारी प्राथमिकताः ....... 4**

**८. जनशक्ति परिचालन हुने क्षमताः ....... 5**

**९. जिल्लामा रहेको राहत सामाग्री विवरण ....... 5**

**१०. निकायगत भूमिका तथा जिम्मेवारी ....... 6**

**११. प्रतिकार्य विवरण ....... 7**

**१२. विषयगत क्षेत्रका अगुवा तथा सदस्य विवरणः ....... 8**

**१३. शितलहरवाट जोखिम न्यूनिकरण गर्ने सुचना मुलक सन्देशहरुः ....... 9**

# शितलहर पूर्वतयारी तथा आकस्मिक प्रतिकार्य योजना, २०७८

## १. पृष्ठभुमी

नेपाल निरन्तर दोहोरिरहने बहु–प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुक हो ।नेपालमा प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुले गर्दा जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुक विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ । त्यसै गरी नेपाल सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु जस्ता विश्वव्यापीकरण हुनसक्ने महामारी, सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट प्रभावित छ । यस वर्ष कोभिड-१९को सक्रमणले सिंगो विश्व आक्रान्त भइरहदा यस जिल्लामा समेत यसको प्रभाव छ ।

नेपालको तराई भु.भागमा जाडोको अत्याधिक नकारात्ममक असर पर्दछ । जाडो तथा शितलहरले प्रत्येक वर्ष हजारौ मानिसहरुलाई प्रभावित गर्दछ । धुलोको कणहरु सहित जाडोको तरंगले हावालाई चिसो पार्दछ । हाम्रो पछिल्लो अनुभवका अनुसार विशेष गरि जाडो पुष महिना देखि मध्य माघ महिना सम्म हुनेगरेको पाइन्छ । जमिन सतहवाट २०० देखि ४०० मिटरसम्म हुसी तथा तुवालोले ढाक्दछ सो कारण विहानमा कम दृष्यता रहन्छ र तापक्रम न्यून हुदैं जान्छ । तापक्रम १० देखि १५ डिग्री सेल्सियससम्म कम हुदै जादा धैरै जस्तो मानिसहरु हाइपोथर्मीयाका कारण मृत्यु वरण गर्न पुग्दछन ।
(Source: Meteorological Forecasting Division)

जाडोयामको समयमा खास गरी तराईका जिल्लाहरुमा चिसो तथा शितलहरबाट मानिसहरुको असावधानीका कारणवाट हरेक वर्ष स्वास प्रस्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्बन्धि समस्याबाट धैरै मानिसहरु विरामी पर्ने र केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ । कोभिड-१९ को संक्रमण चिसोका वेला झनै फैलिने र प्रभावितहरुको सख्या झनै वढ्ने विज्ञहरुको भनाइ छ । पशुपन्छी, अन्नबाली समेत प्रतिकुल प्रभाव परी धैरै मात्रामा नोक्सान हुने गरेको छ । यस वर्ष पनि जाडोयामको समय भइसकेको छ । कञ्चनपुर जिल्लामा विगत वर्षमा जस्तै मौसमको प्रतिकुलता र बातावरणमा आउने परिवर्तनबाट शितलहर सुरु भैसकेको अवस्था छ । कोभिड-१९ को संक्रमण जोखिम न्यूनिकरण गर्दै स्वास्थ्य मापदण्डलाइ पूर्ण पालना गराउदै जाडोमा यसको जोखिम वढ्न नदिने र विशेष गरी बालबालिका, जेष्ठनागरिक, सुत्केरी, गर्भवती, विगतमा बाढीवाट प्रभावित भइ हालसम्म पनि पूर्नःस्थापना हुननसेका परिवारहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदा उक्त जोखिमलाई न्यूनिकरण गर्न, आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, शीतलहर प्रभावित परिवारलाई पुरयाउने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि यो शितलहर पूर्वतयारी तथा आकस्मिक प्रतिकार्य योजना, २०७८ जिल्ला विपद् व्यवस्थापन समितिले निर्माण गरेको छ ।

सरोकारवाला निकाय, स्थानीय तह, स्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा मानवीय सहयोगी संघ संस्थाहरु तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई समेतको सहभागितामा सहयोगको व्यवस्था मिलाउने ।

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

### १.२ साधारण उद्देश्यः

क. शितलहरबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गरी सिमित श्रोत र साधनको अधिकतम उपयोग गरी जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउने ।

ख. विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुने पद्धती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने ।

ग. श्रोत तथा क्षमतामा कमी तथा संरचनाहरुमा क्षति हुँदा पनि प्रभावकारी प्रतिकार्यमा जिल्ला विपद व्यवस्थापन समिति ,स्थानीय तह सवै मिलि विपद् प्रतिकार्यमा संलग्न हुने ।


घ. आपतकालिन प्रतिकार्यका लागि प्रभावकारी प्रवेश, परिचालन, जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानीय तहमा गठित स्थानीय विपद व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुको प्रयोग सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने ।

ङ. चिसोका बखत कोभिड-१९ को सक्रमण रोक्न स्वास्थ्य मापदण्डलाइ पुर्णरुपमा पालना गराउने ।

## २. प्रस्तावना

यस दस्तावेजले जिल्ला विपद् व्यवस्थापन समिति कञ्चनपुर र स्थानीय तहले विपद्को समयमा पुरा गर्नुपर्ने कार्यहरुको व्यावहारिक चित्र प्रदान गर्ने प्रयास गरेको छ । यो एउटा साधारण योजना हो, जुन शितलहरको समयमा प्रयोग गर्न सकिन्छ । तथापि निश्चित अवस्थालाई मध्यनजर गरी तयार गरिएको छ । यस योजनामा प्रतिकार्य योजना पूरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा व्याख्या गरिएको छ।

### २.१ कञ्चनपुर जिल्लाको नक्सा




## ३. जिल्लामा शितलहरका घटनाहरु

तराईका जिल्लाहरूमा हिउँदको महिना खासगरी मंसिर देखि माघ सम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ । बालबालिका र बृद्धबृद्धा, विपन्न परिवारहरु शीतलहरको उच्च जोखिममा रहेका हुन्छन्।कञ्चनपुर जिल्लामा विगत लामो समय देखि जाडो याममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैरसरकारी संस्थाहरुले वढि प्रभावित क्षेत्र तथा चोक चोकमा आगोबाल्नका लागि दाउरा सहयोग गर्दै आएको छ । जिल्लामा विगत वर्षहरु देखि जोखिममा रहेका व्यक्तिहरुलाई न्यानो कपडा तथा कम्मल दिने गरेको छ ।

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

### ४. कार्य सञ्चालनको सन्दर्भः

४ १.शितलहरवाट प्रभावित हुन सक्ने क्षेत्रहरुः

भीमदत्त नगरपालिका, वेदकोट नगरपालिका, शुक्लाफाँटा नगरपालिका, कृष्णपुर नगरपालिका, बेलडाँडी गाउँपालिका, पुनर्वास नगरपालिका, दोधाराचाँदनी नगरपालिका, बेलौरी नगरपालिका तथा लालझाडी गाउँपालिका क्रमस बढी प्रभावित देखि न्यून प्रभावित क्षेत्र अनुसार राखिएको छ। प्रस्तुत तथ्याङ्क विशेष गरी बालबालिका, जेष्ठ नागरीक, सुत्केरी, गर्भवती , तथा विगत वर्षहरु देखि बाढीवाट पुर्ण प्रभावित परिवार, आव २०७८/०७९ मा विपदका कारण प्रभावित भई घरवार बिहिनको तथ्याङ्कको आधारमा रहेको छ।

| सिनं | प्रभावित हुन सक्ने | |
|---|---|---|
| | स्थान | परिवार संख्खा |
| १. | भीमदत्त नगरपालिका | ७३१२ |
| २. | बेदकोट नगरपालिका | ४१५ |
| ३. | शुक्लाफाँटा नगरपालिका | ५७५ |
| ४. | कृष्णपुर नगरपालिका | ८२५ |
| ५. | बेलडाँडी गाउँपालिका | १८७६ |
| ६. | पुनर्वास नगरपालिका | ८७६ |
| ७. | दोधाराचाँदनी नगरपालिका | ६५० |
| ८. | बेलौरी नगरपालिका | ३०२४ |
| ९. | लालझाडी गाउँपालिका | ३१५ |

पुनश्चः उल्लिखित तथ्यांक सवै स्थानीय तहबाट प्राप्त गरी अद्यावधिक गर्ने।

### ४.२ पहुचः

कञ्चनपुर जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउँदा शितलहरको समयमा एक ठाउँ देखि अर्को ठाँउसम्म जाँदा निकै कठिन हुने गरेको पाइएको छ।

क. शितलहरको समयमा जिल्लाका सवै जसो स्थानहरुमा बाक्लो हुस्सु तथा शितलहरका कारण भिजिविलिटि कमि भई सडक दुर्घटना हुने हुँदा यातायातको साधान प्रयोग गर्दा त्रासको महसुस हुने गरेको छ।

ख. कोभिड-१९को कारण चिसोमा लक्षण सहितका विरामीहरुको सख्या वढ्ने अवस्था छ।

ग. अत्याधिक चिसोको कारण घर देखि वाहिर निस्कन नसक्ने अवस्था देखीएको छ ।

### ५. बिपद् परिदृश्य तथा योजना अवधारणाहरुः

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपदबाट प्रभावित जिल्लाको सूचीमा कञ्चनपुर पनि रहेको छ। जिल्लामा हरेक वर्ष बाढी, आगलागी, शिललहर, हावाहुरी,जनावरको आक्रमण र सडक दुर्घटनाजन्य विपद्का कारण जनधनको क्षति हुने गरेको छ। जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ मा प्रयोग स्तरीकरण गर्दा विभिन्न स्थानमा रहेको शीतलहर तथा नियमित भइरहने विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ।चिसोका वखत कोभिड-१९ को सक्रमण रोक्न स्वास्थ्य मापदण्डलाइ पुर्ण पालना गराउन जोड दिनेछ। त्यसैले जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजनामध्ये आपतकालीन समयमा मानव जीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको



रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

संरक्षण गर्ने उद्देश्यका लागि जिल्ला विपद व्यवस्थापन समिति कञ्चनपुरले शितलहर पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ तयार गरी जिल्लाका महत्वपूर्ण दस्तावेजको रुपमा स्वामित्व ग्रहण गरेको छ

विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न कञ्चनपुर जिल्लाको साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

**६. समन्वय तथा जिम्मेवारी:**

क. जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भएवमोजिमका क्षेत्रगत क्षेत्रमा सम्वन्धित सवैले कार्ययोजना तयार पारी शितलहरको पुर्वतयारी तथा प्रतिकार्यमा तयार रहने ।

ख. शितलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिलालाई प्राथमिकता दिने ।

ग. कोभिड-१९ को सक्रमण जाडोमा वढ्न जाने सम्भावना रहकोले त्यसको नियन्त्रणमा जोड दिने ।

घ. शितलहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्वन्धिमा स्थानीय विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाई जोखिम न्यूनिकारण गर्नको लागी अनुरोध गर्ने ।

ङ. कोभिड-१९ बाट सक्रमित तथा जोखिममा रहेका, आइसोलेसमा रहेकाको स्वास्थ्य अवस्थामा सुधारल्याउन विशेष प्रवन्ध गर्ने ।

च. कोभिड-१९ को सक्रमण जाडोयाममा झनै वढ्ने विज्ञहरुको राय अनुसार, जोखिम न्युनिकरणकालागि योजना तर्जुमा गर्ने ।

छ. विपद्को समयमा नेपाल सरकार,प्रदेश सरकार, स्थानीय तह,दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजविच समन्वय कायम गर्ने ।

ज. नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्ने र पृष्ठपोषण दिने ।

झ. शितलहरबाट वढी प्रभावित हुन सक्ने क्षेत्र,गाउँ,टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि अगुवा सहयोगी संस्था DLSA को समन्वयमा सवै सरोकारवाला निकायहरुलाई दाउरा,कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा राख्ने र राख्न लगाउने ।

ञ. जल तथा मौसम विज्ञान विभागले जारी गर्ने ३ दिने वुलेटिन अनुसार पुर्वतयारीका गतिविधि सन्चालनमा जोड दिने ।

ट. जाडोयाममा हुने सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

ठ. शितलहरबाट सुरक्षित रहनका लागि तपसिल बमोजिमका सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानीय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानीय गैरसरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने।

ड. शितलहरका समयमा घुस्सुका कारण भिजिविलिटीमा कम हुन गइ सवारी साधन दुर्घटना हुन सक्ने हुँदा स्थानीय ट्राफिक प्रहरीको सकृयतामा सवारी साधनको गति सिमितताको अनुगमनको कार्य गर्ने ।

ढ. शितलहर तथा जाडोयाममा समयमै पुर्वसुचना समुदायस्तरमा पुर्याउन जल तथा मौसम विभागको बुलेटिन अनुसारको सुचना सम्प्रेशन गरि पुर्वानुमानका आधारमा गतिविधि सन्चालन गर्ने ।

**७. पूर्वतयारी प्राथमिकता:**

क. बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने ।

ख. सबै स्थानीय तहका विपद व्यवस्थापन समितिहरुले जनचेतनामुलक कार्य गर्ने ।

ग. सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरुमा शीतलहर पूर्वतयारीका लागि रणनितिक योजना तयार गर्ने



रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

घ. स्थानीय तहका संकटासन्न क्षेत्रको नक्साँकन गर्ने ।

ङ. विषयगत समितिहरुको नियमित बैठक गर्ने र आवश्यकताको आधारमा खाडल पहिचान गरि सोको परिपुर्तिकोलागि तत्काले कार्यान्वयन गर्ने ।

च. जिल्लामा थप न्यानो कपडा सेट व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने ।

छ. सवै स्थानीय तह तथा सोरोकारवाला निकाय संग समन्वय गरी आवश्यक पर्ने दाउरा जोहो गरी राख्ने रन्यानो रहनका लागि टोल टोलमा दाउरा बाल्ने स्थानको निर्कोल गरि कोभिड-१९को जोखिमलाइ कम गर्ने गरि स्वास्थ्य मापदण्ड अनुसार आगो ताप्ने ब्यवस्था मिलाउने ।

ज. स्थानीय एफ.एम.हरु र वडा स्थरमा माइकिङ् मार्फत जनचेतनामुलक सामाग्रीहरु प्रकाशन/प्रसारण गर्ने ।

झ. जल तथा मौसम विज्ञान विभागले जारी गर्ने ३ दिने वुलेटिन अनुसार पुर्वतयारी गर्ने ।

## ८. जनशक्ति परिचालन हुने क्षमता:

| क्र.स. | निकाय | स्वय सेवक | स्वास्थ्यकर्मी | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | | | |
| २ | सशस्त्र प्रहरी वल नेपाल | | | |
| ३ | नेपाली सेना | | | |
| ४ | भीमदत्त नगरपालिका | ८ | ४ | |
| ५ | बेदकोट नगरपालिका | - | - | |
| ६ | शुक्लाफाँटा नगरपालिका | १७ | ८ | |
| ७ | कृष्णपुर नगरपालिका | १० | ५ | |
| ८ | बेलडाँडी गाउँपालिका | - | - | |
| ९ | पुनर्वास नगरपालिका | - | - | |
| १० | दोधाराचाँदनी नगरपालिका | १२ | ६ | |
| ११ | बेलौरी नगरपालिका | २८ | | |
| १२ | लालझाडी गाउँपालिका | ८ | ९ | |
| १३ | DLSA | ८ | २० | |
| १४ | नेपाल रेडक्रस सोसाइटी शाखा /उपशाखा | १५ | - | |
| जम्मा | | ९८ | ३२ | |

## ९. जिल्लामा रहेको राहत सामाग्री विवरण

| क्र.स. | निकाय | कम्मल थान | न्यानो कपडा/सिरानी | म्याट/त्रिपाल (थान) | बाल्टी/जग | आपतकालिन कोष |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | | | | | |
| २ | भीमदत्त नगरपालिका | १० | १० | १० | १० | ८०००००। |
| ३ | बेदकोट नगरपालिका | - | - | - | - | १८६९६२७ |
| ४ | शुक्लाफाँटा नगरपालिका | - | - | - | - | ३०००००० |
| ५ | कृष्णपुर नगरपालिका | - | - | - | - | ९०००००० |
| ६ | बेलडाँडी गाउँपालिका | - | - | - | - | २०००००० |
| ७ | पुनर्वास नगरपालिका | - | - | - | - | ६०००००० |
| ८ | दोधाराचाँदनी नगरपालिका | | २५ | ४५२७ बण्डल | २० | १७७५००० |



रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

| क्र.स. | निकाय | कम्मल थान | न्यानो कपडा/सिरानी | म्याट/त्रिपाल (थान) | बाल्टी/जग | आपतकालिन कोष |
|---|---|---|---|---|---|---|
| ९ | बेलौरी नगरपालिका | २५ | | ६०९४बण्डल | | २५००००० |
| १० | लालझाडी गाउँपालिका | - | - | - | - | ३०१२६४७ |
| ११ | NNSWA | - | health kit -200 | - | ५० | अवश्यताअनुसार समन्वय गरेर सहयेग गर्न् सकिनेछ |
| १२ | नेपाल रेडक्रस सोसाइटी शाखा | ३०० | ६०० | ५० | १०० | |
| १३ | निड्स नेपाल | २५ | २०० | १०० | २०० | १,००,०००।- |

## १० निकायगत भूमिका तथा जिम्मेवारी

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | समग्र समन्वय तथा नेतृत्व |
| २ | जिल्ला समन्वय समिति | प्रमुख /जिल्ला समन्वय अधिकारी | समन्वयात्मक कार्यमा सहयोग गर्ने ।<br>स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन गर्न समन्वय गर्ने । |
| ३ | स्थानीय तहहरु | प्रमुख/ अध्यक्ष | आ -आफ्नो स्थानीय तहको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>विषयगत क्षेत्रसंग समन्वय गर्ने ।<br>श्रोत साधन व्यवस्था गर्ने ।तथ्यांक संकलन तथा ब्यवस्थापन । |
| ४ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | सुरक्षा व्यवस्था गर्ने । उद्धार गर्ने । विषयगत समितिमा रहि सहयोग गर्ने । |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | समन्वय । स्रोत संकलनमा सहयोग गर्ने । जनपरिचालन गर्ने । |
| ६ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | फोकल पर्सन | सूचना संकलन, समन्वय, संप्रेशण<br>तथ्यांक ब्यवस्थापन |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय (DLSA) | स्रोत केन्द्र प्रमुख | श्रोत उपलब्धताका लागी राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्था तथा सरोकारवालासंग समन्वय गर्ने । |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति | राहत खाद्यसामाग्री तथा अस्थाई आवास ब्यवस्थापन<br>आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने। |
| ९ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | विषयगत समितिमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने। आ-आफ्नो क्षेत्रको आपत्कालिन योजना निर्माण गरी कार्यान्वयन गर्ने । |

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १० | उद्योग वाणिज्य संघ/व्यापार संघ | अध्यक्ष | न्यानो कपडा तथा कम्मल सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| ११ | यातायात व्यवसायी संघ तथाप्रा.लि.हरु | अध्यक्ष | राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने। |
| १२ | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | सहि सूचना संकलन तथा सम्प्रेषण<br>सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गर्ने |
| १३ | नागरिक समाज | संयोजक | राहत कार्यमा सहयोग तथा समन्वय<br>मानव अधिकारको संरक्षण तथा सम्बर्धनमा सहयोग |
| १४ | पेशागत व्यवसायी समतिहरु | अध्यक्ष | राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १५ | गै.स.स.महासंघ/ राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख/प्रतिनिधिहरु | मानवस्रोत परिचालन गर्ने ।स्रोत संकलनमा सहयोग गर्ने । गै.स.स. वीच समन्वय ।क्षमता विकास तथा सहजिकरण कार्य गर्ने। |

## ११. प्रतिकार्य विवरण

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ |
|---|---|---|---|
| १ | न्यानो कपडा तथा पोषिलो खाद्यबस्तु व्यवस्थापन | नगरपालिका तथा गाउँपालिकाहरु, उद्योग वाणिज्य संघ मार्फत न्यानो कपडाव्यवस्थापन,कम्मल लगायत अन्य न्यानो कपडाहरु नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरु मार्फत | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| २ | दाउरा व्यवस्थापन | नगरपालिका, गाउँपालिकाहरु, डिभिजन वन कार्यालय तथा सामुदायिक वन महासंघ, मध्यवर्ती वन व्यवस्थापन समिति, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | चोक तथा घना बस्तीको पायक पर्ने स्थान |
| ३ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय,स्थानीय विपद जोखिम व्यवस्थापन समिति, सुरक्षा निकाय,नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा/उपशाखाहरुर उद्योग वाणिज्य संघहरु | प्रभावित क्षेत्रमा |
| ४ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समितिहरु | जिल्लाभर |
| ५ | स्वास्थ्य शिविर | माहाकाली अस्पताल, स्थानीय तह अन्तर्गतका स्वास्थ्य इकाइहरु र अन्य सेवा प्रदायक संघसस्था | प्रभावित क्षेत्रमा |
| ६ | विपद सम्बन्धी सूचना तथा | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, स्वास्थ्य | जिल्लाभर |



रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | जनचेतना | कार्यालय, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, | |
| ७ | सूचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र | जिल्लाभरि |

## १२. विषयगत क्षेत्रका अगुवा तथा सदस्य विवरण:

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| १) समन्वय तथा सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति,<br>नेपाली सेना,<br>नेपाल प्रहरी,सशस्त्र प्रहरी वल नेपाल,<br>नेपाल रेडक्रस सोसाइटी | DEOC, नेपाल टेलिकम<br>स्थानीय एफ.एम., पत्रपत्रिका,<br>नेपाल पत्रकार महासंघ,<br>राष्ट्रिय अनुसन्धान। |
| २) खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | नेपाली सेना,<br>सशस्त्र प्रहरी वल नेपाल, नेपाल प्रहरी, गाउँपालिकाहरु, नगरपालिकाहरु,<br>नेपाल रेडक्रस सोसाइटी | DEOC, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,<br>शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय, कञ्चनपुर। |
| ३) गैर खाद्य सामग्री र शिविर व्यवस्थापन | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ, कैलाली र नेपाल रेडक्रस, महेन्द्रनगर शाखा | सामुदायिक वन उपभोक्ता महासघ, सुरक्षा निकाय, नेपाल, वन डिभिजन कार्यालय। | DEOC, स्थानीय विपद् ब्यवस्थापन समिति(प्राविधिक शाखा, शिक्षा शाखा), उद्योग व्यापार संघ, गैसस महासंघ, निड्स, एन.एन.एस.डब्लु.ए., निड्स नेपाल। |
| ४) खाद्य तथा गोदाम ब्यवस्थापन | एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय | स्थानीय विपद् ब्यवस्थापन समिति,<br>स्थानीय तहका कृषि शाखाहरु,<br>नेपाल प्रहरी,<br>जिल्ला समन्वय समिति | नेपाल खाद्य संस्थान कञ्चनपुर,<br>गैसस महासंघ, जिल्ला खाद्य अधिकार संजाल,<br>उद्योग वाणिज्य संघ, |
| ५) खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,<br>कञ्चनपुर | नेपाल रेडक्रस सोसाइटी, | एन.एन.एस.डब्लु.ए, निड्स नेपाल |

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| ६) संरक्षण | जिल्ला प्रशासन कार्यालय | जिल्ला वालकल्याण समिती<br>नेपाल प्रहरी, जि.स.स.<br>नेपाल रेडक्रस सोसाइटी, | |
| ७) स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय | अस्पताल, स्थानीय विपद् व्यवस्थापन समिति (स्वास्थ्य शाखा ), जिल्ला समन्वय समिति नेपाल रेडक्रस सोसाइटी, आयुर्बेद अस्पताल, कञ्चनपुर | सरकारी स्वास्थ्य सेवा प्रदायक निकायहरु,<br>सामुदायिक स्वास्थ्य केन्द्रहरु,<br>औषधि व्यवसायी संघ ,एन.एन.एस.डब्लु.ए., निडस् नेपाल। |
| ८) आपत्कालिन शिक्षा | शिक्षा विकास तथा समन्वय इकाइ | सम्वन्धित स्थानीय तहमा रहेका शिक्षा बिकास शाखाहरु, जिल्ला समन्वय समिति,<br>कञ्चनपुर। | |
| ९) पुनःस्थापना तथा पुर्ननिर्माण | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ, कैलाली। | डिभिजन वन कार्यालय,<br>खानेपानी तथा सरसफाई<br>नेपाल विद्युत प्राधिकरण,<br>स्थानीय विपद् व्यवस्थापन समिति (प्राविधिक शाखा ) | सा.वन उपभोक्ता समितिहरु,<br>नेपाल टेलिकम,<br>जिल्लामा कार्यरत अन्तराष्ट्रिय गैससहरु,<br>नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा कार्यालय, एन.एन.एस.डब्लु.ए., निड्स नेपाल |

**१३. शितलहरवाट जोखिम न्यूनिकरण गर्ने सुचना मुलक सन्देशहरु:**

१. जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ।
२. शितलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नविताऔ।
३. रातको समयमा न्यानो सिरक, कम्मल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने।
४. शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोवाट जोगाउने।
५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो खाने झोलिलो खानेकुराहरु खाने।
६. चिसो मौसममा कोभिड-१९ को सक्रमण वढी हुने हुदा स्वास्थ्य मापदण्डलाई अपनाउने।
७. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने।
८. शितलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दाना दिने।
९. चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने।
१०. चिसोका कारण पुशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने।
११. कोठा भित्र आगो वाली तातो पार्दा प्रयाप्त भेण्टिलेशनको व्यवस्था मिलाउने।

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी